कर विभाग (जेइमुका) को सूचना

## जापानमा बसोबास गर्ने सम्पूर्ण महानुभावहरू लाई

१) निवास कर भनेको के हो त?

जापानमा बसोबास गरी, वार्षिक आम्दानी एक निश्चित राशि भन्दा बढि छ भने, जापान सरकारलाई आयकर भुक्तानी गर्नु पर्ने हुन्छ। साथै बसोबास क्षेत्रको नगरपालिकाबाट निवास कर (टोक्योको २३ वटा नगरको वासिन्दाको सन्दर्भमा, विशेष नगर निवास कर • टोक्यो महानगरपालिका निवास कर) को निर्धारण गरिनेछ।

२) तोशिमा नगरमा विशेष नगर निवास कर • टोक्यो महानगरपालिका निवास कर निर्धारण गरिने व्यक्ति (करदाता)

तोशिमा नगरमा विशेष नगर निवास कर • टोक्यो महानगरपालिका निवास कर निर्धारण गरिने व्यक्ति भनेको, त्यो बर्षको जनवरी १ तारिक को दिनमा तोशिमा नगरमा बसोबास गर्ने व्यक्ति हुन। कर निर्धारण गरिएको वर्षको बीचमा तोशिमा नगर बाट अर्को क्षेत्रमा बसाई सरेको, अथवा अन्य देशमा बाहिरिनु भएको भए पनि १ वर्षको विशेष नगर निवास कर • टोक्यो महानगरपालिका निवास कर तिर्न आवश्यक हुन्छ। जापान भित्र ठेगाना नहुने व्यक्तिको हकमा पनि, करतिर्नु पर्ने दायित्व पूरा गर्नको लागि कर व्यवस्थापकको निर्धारण गरी, रिपोर्ट गर्ने र कर तिर्ने दायित्व बोझ गराइएको हुन्छ।

३) टोक्यो महानगरपालिका निवास कर • नगर निवास करको हिसाब गर्ने, कर तिर्ने तरिका

निर्धारण गरिने करको रकम अघिल्लो वर्षको वार्षिक आम्दानीको आधारमा निर्णय गरिन्छ। निर्धारण गरिएको विशेष नगर निवास कर • टोक्यो महानगरपालिका निवास कर तिर्ने तरिका साधारण संकलन र विशेष संकलन गरी दुई थरीका छन्। साधारण संकलन भन्नाले स्वयंले कर तिर्ने तरिका हो र वर्षमा ४ पटक (कानूनी रूपमा तोकिएको कर तिर्ने म्याद जुन मसान्त, अगस्ट मसान्त, अक्टोबर मसान्त र अर्को वर्षको जनवरी मसान्त, यदि मसान्तको दिन शनिबार • आइतबार • सरकारी विदाको दिन भए अर्को कार्यालय खोल्ने दिन) , कर तिर्ने तोकिएको भुक्तानी कागजात प्रयोग गरेर वा बैंक खाता मार्फत ट्रान्सफर गरेर तिर्ने तरिका हो। भुक्तानी कागजातको पछाडिको पानामा सूचीबद्ध वित्तीय संस्थाहरू तथा कम्बिनियन्स स्टोर मा पनि प्रयोग गर्न सकिन्छ। (तर ३,००,००० येन भन्दा कमको भुक्तानी कागजातमा सीमित रहनेछ)

त्यस्तै, विशेष संकलन भन्नाले मासिक तलब बाट सिधै कटौती गरिने तरिका हो र त्यो वर्षको जुन महिना र अर्को वर्षको मे महिनामा तलबबाट कटौती गरिनेछ।

४) कर तिरेको प्रमाणपत्र (नोउफुस्योउमेइस्यो), कर निर्धारण प्रमाणपत्र (काजेइ (हिकाजेइ) स्योउमेइस्यो)

विशेष नगर निवास कर • टोक्यो महानगरपालिका निवास कर को नोउफुस्योउमेइस्यो, वार्षिक आम्दानीको रकम • कर निर्धारण रकम • कर तिरेको रकम सहित प्रति वर्ष प्रमाणित गरिन्छ (सशुल्क) । तर, कर नलाग्ने भएमा, नोउफुस्योउमेइस्यो जारी गर्न सकिंदैन। काजेइ (हिकाजेइ) स्योउमेइस्यो भनेको वार्षिक आम्दानीको रकम • कर निर्धारण रकम सहित प्रति वर्ष प्रमाणित गरिन्छ (सशुल्क) । नोउफुस्योउमेइस्यो भिसा नवीकरण आदिको लागि आवश्यक पर्न सक्ने कागजात हुन।

५) कर तिरेन भने (सजाय)

कानूनी रूपमा तोकिएको कर तिर्ने म्याद भित्र कर भुक्तानी गरेन भने, त्यसको भोलिपल्टदेखि पूर्ण रूपमा कर भुक्तानी गर्ने दिन सम्म ढिलाइ जरिवाना रकम (एन्ताइकिन) थप गरिनेछ। साथै, पूनः सूचना पत्र (तोकुसोकुज्योउ) तथा अधिसूचना पत्र (साइसोकुस्यो) बाट पत्राचार गरिनेछ। त्यो पाएर पनि कर भुक्तानी गरेन भने, काम गर्ने ठाउँमा सम्पर्क गरी सम्पत्ति विवरणको जाँच गरि, तलब वा बैंकमा जम्मा गरेको रकम ज़फत गरिने पनि हुन सक्छ।

६) कर भुक्तानी गर्न गाह्रो अवस्था छ भने

आर्थिक स्थिति अत्यन्त कमजोर आदि दैनिक जीवन नै कष्टकर भइरहेको कारण कर भुक्तानी गर्न गाह्रो अवस्था छ भने जेइमुका सेइरी दाई इचि • दाई नी ग्रुप मा परामर्श लिनु होला।

<सम्पर्क गर्ने स्थान> जेइमुका कर निर्धारणको बारेमा. ०३-४५६६-२३५४ २३५५
प्रमाणपत्रको बारेमा. ०३-४५६६-२३५२
कर भुक्तानीको बारेमा . ०३-४५६६-२३६२